# CS (MAIN) EXAM, 2010

**Sl. No.** 16 **A–DTN–K–JM–14**

# NEPALI

**( Compulsory )**

| Time Allowed : Three Hours | Maximum Marks : 300 |
|---|---|

## INSTRUCTIONS

**Candidates should attempt ALL questions.**

**The number of marks carried by each question is indicated at the end of the question.**

**Answers must be written in Nepali (Devanagari Script), unless otherwise directed.**

**In the case of Question No. 3, marks will be deducted if the précis is much longer or shorter than the prescribed length.**

**1.** तल दिइएका कुनै **एउटा** विषयमा *300* (तीनसय) जति शब्दभित्र एउटा निबन्ध प्रस्तुत गर्नुहोस् : 100

(क) कानूनले के 'मानरक्षा हत्यालाई' रोक्न सक्छ?

(ख) खाद्यमा मिलावटको सङ्कट

(ग) अन्धविश्वास औ तर्कणापरकता

(घ) शिक्षा र सामाजिक परिवर्तन

(ङ) सूचना अधिकार अधिनियमले स्वच्छ र न्यायपूर्ण प्रशासन सुनिश्चित गर्न सक्ला?

**2.** निम्नलिखित गद्यांशलाई राम्ररी पढ्नुहोस् र गद्यांशको अन्तमा दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् : 10×6=60

सौर शक्ति, जो सम्पूर्ण शक्ति नवीकरणको एउटा भाग हो, पुराना संसाधन र ईंधनबाट हाम्रो निर्भरता हटाउने एकमात्र उपाय हो।

पुराना संसाधन र ईंधन अब दिन-दिनै विकट हुँदै जाँदैछन्। हाम्रो पृथ्वीको पर्यावरणीय सन्तुलन र जारी 'ग्रीनहाउस'को प्रभावलाई घटाउने एउटै मात्र सम्पत्ति सौर शक्तिको उपयोगनै हो। सौर शक्तिमा यस्ता उपयोगी गुणहरू हुँदा-हुँदै पनि न त यसलाई व्यापक रूपमा प्रयोग गरिन्छ न विकल्पका रूपमा यसले स्वीकृति पाएको छ, यसको मूलकारण तकनीकी व्यवस्था महँगो हुनु हो तरपनि यसको तकनीकी व्यवस्थामा युगान्तकारी सुधार आउँदै छ जसले यसको मूल्यमा कमी ल्याउँदै छ र निश्चित रूपले ढिलै भएपनि यसलाई व्यवहारीय विकल्प बनाइँदै छ। सरकारद्वारा प्रवर्तित 'जवाहरलाल नेहरू राष्ट्रिय सौर मिशन' यस दिशाको एउटा घतलाग्दो तथा शक्तिको स्वच्छ स्रोतको प्राप्तिको आदर्शवादी कदम हो।

सौर शक्ति क्षेत्रले रोजगार सृष्टि गर्ने दिशातिर पनि आशा देखाउँदै छ। यस क्षेत्रले अनुसन्धान तकनीकी नव-निर्माणमा राम्रो निवेश गर्दछ र रोजगारको दिशामा उच्च र मान-मर्यादित पदको सृजना गर्दछ।

यद्यपि भारत विद्युत् उत्पादनमा विश्वमा छैंठौ स्थानमा छ तापनि भारतमा विद्युत् सङ्कट अद्यापि छँदैछ। सौर शक्तिलेनै विद्युत्को सङ्कट घटाउन सक्छ। यसले सम्पूर्ण परिस्थितिकीय तन्त्रको गठन गर्दछ र शक्तिको उत्पादन क्षेत्रमा माँगको वृद्धि गर्छ। आज अत्यधिक माँग भएका सौर पद सौर शक्ति यन्त्र संस्थापन र अभियान्त्रिक परिरूप विधिका क्षेत्रमा छन्। यस उद्योगको विकासका लागि नयाँ कौशलको वृद्धिद्वारा उत्पादनको मूल्यमा कमी, कर र व्यापारान्तर मूल्यमा सन्तुलनद्वारा मूल्यमा कमी ल्याउनु पर्दछ।

(क) हामीले पुराना ईंधनमा आफ्नो निर्भरता किन घटाउनु पर्छ?

(ख) सौर शक्तिको उपयोगको के फाइदा छ?

(ग) सौर शक्ति अहिलेसम्म लोकप्रिय किन बन्न सकेन?

(घ) सौर शक्तिलाई जनसाधारण समक्ष पुर्‍याउन के-के उपायहरू हुँदैछन्?

(ङ) हाम्रा युवाहरूलाई उच्च प्रकारका पद सौर शक्तिले कसरी उपलब्ध गराउन सक्छ?

(च) सौर शक्तिलाई कसरी सस्तो बनाउन सकिन्छ?

**3.** निम्नलिखित गद्यांशको सार मूल गद्यांशको प्रायः एक-तिहाइ शब्द सङ्ख्यामा प्रस्तुत गर्नुहोस्। शीर्षक लेखिरहने आवश्यकता छैन। शब्द सीमा-भित्र सार नलेखिएमा अङ्क काटिने छ। सार अलग्गै दिइएको सार पत्रमा लेख्नुपर्छ र सुरक्षित हिसाबले उत्तर-पुस्तिकाभित्र बाँध्नुपर्छ : 60

यदि कलालाई प्रत्येक विशेष युगमा अभिव्यक्त गर्नु हो भने निश्चितरूपमा यसका पुराना मान्यता र सीमालाई तोड्नु पर्दछ अनि पुराना कल्पना, सीमा औ मानसिकतालाई झट्कार्नु पर्दछ। जीवन एउटा सतत प्रवाह हो। यसको गति क्रान्तिको प्रक्रियाद्वारा सञ्चालित हुन्छ जबकि परिवर्तन तीव्र र आमूल हुन्छ, यस्तोमा सामाजिक आवश्यकता अग्रगामी सांस्कृतिक प्रवृत्तिका निम्ति दवाब बनाउँछ—एक किसिमले पुराना मान्यताहरूलाई शिथिल बनाउँदै जो पुराना र नयाँ जन्मिनेका माझमा एउटा द्वन्द्वको सृजना गर्दछ। प्राचीन संस्कृतिका समर्थक परिवर्तनदेखि डराएर दिलोज्यानले कोशिश गर्दै यथास्थिति बनाएर राख्ने प्रयत्न गर्दछन्, तिनीहरू आफूलाई नैतिक मूल्य र सभ्यताका संरक्षक घोषणा गर्न हिचकिचाउँदैनन् र आउने प्रत्येक प्रवाहलाई टार्ने कोशिश गर्दछन्। यसलाई परिवर्तनका समर्थकहरू पुराना मान्यता र नियमलाई अवज्ञा गरेको पनि मात्र चाहँदैनन्। सामाजिक परिवर्तनको प्रत्येक आकृतिले एउटा सांस्कृतिक प्रारूपको माँग गर्दछ जसले आफ्नो आवश्यकतालाई आफैं व्यक्त गर्दछ जस्तोकि पुरानो जसलाई बितेको युगले रचेको थियो, अब नयाँ शक्ति र नयाँ तकनीकको उपयोग गर्न सक्तैन औ आफ्नो वस्तुधारणामा नयाँ आदर्शलाई

प्रतिबिम्बित गराउन सक्षम हुँदैन, यस सन्दर्भमा पुरानो संस्कृतिका समर्थक असांस्कृतिक औ बर्बरतापूर्ण तरिकालाई अप्नाउन थाल्छन् जसलाई एउटा समयमा उनीहरू स्वयंले उपेक्षा र भर्त्सना गरेका थिए। कुनै पनि शक्ति जब प्रगतिशील हुँदैन तब त्यो दमनकारी बन्दछ। नयाँ समाजलेनै संस्कृति र विज्ञानको प्रत्येक शाखामा कलाकारको सर्वाङ्गीण विकासकालागि सुअवसर प्रदान गर्न सक्दछ।

वर्तमान युगमा अव्यवस्थित समाजको कारणलेनै जीवनको संरचनात्मक ढाँचा भाँचिएको छ, जसमा हरक्षेत्रका गतिविधि एकार्कादेखि अलगिएका छन्; दार्शनिक विज्ञानदेखि छुट्टिएका छन्, कलाकार इन्जिनियरदेखि तथा एक वा सबै अविभक्त जीवनका महान स्पन्दमान सञ्जालदेखि छुट्टिएका छन् जबकि यो प्रत्येक सन्तुलन सौन्दर्य र पूर्णताका सीमालाई जोडने कारक हो। उदाहरणको रूपमा यान्त्रिक यन्त्रपनि रूढ गणितीय रेखाङ्क विषादमय हावा औ धुआँको जड़ र आवेगहीन जनक मानिदैन, उनीहरूलाई सामान्य रूपले तलको पृथ्वी र पृथ्वीमाथिको महाव्योम जस्तै स्वीकार गरिन्छ, जसरी इतिहास र पौराणिक गाथाहरूमा नैपुण्य र जीवन्तताको गतिमान व नायकत्वपूर्ण वृत्त स्वीकार गरिन्छ। यन्त्र आज मानव अङ्गको विस्तार बनेको छ। भनिन्छ मनुष्यले भूतलमा आफ्नो आधिपत्य स्थापित गरेर यी तत्त्वहरूमा उसको विजय अभियानको गाथा निर्माण गरेको छ। यो लड़ाई मानिस जतिनै पुरानो हो अनि सङ्घर्ष परिपूर्ण सौन्दर्य, लय, सङ्गीतको रङ्गले भरिएको छ।

यदि मानिसले आफ्नै कमजोरीद्वारा यन्त्रलाई स्वयं प्रभुत्वको अनुमति दिएको हो भने यो यन्त्रको दोष होइन जसलाई मनुष्य स्वयंले सृजना गरेको हो र आफैंले नष्टपनि गर्न सकिन्छ। परनिन्दाको प्रवृत्तिले एकदिन आफैंलाई पिर्न सक्छ।

रेडियो मनुष्यको फोक्साको ध्वनि विस्तारक हो भने टेलिफोन कानको। हवाईजहाजको प्रशंसा गर्नु गाँउले गोरु-गाडीको निन्दा

गर्नु कवित्व न्याय होइन यो केवल साम्प्रदायिक सङ्कीर्णता हो। हलो पनि आजको युगको जस्तो युगान्तकारी आविष्कार हो। नयाँ उपकरण निर्मित गर्ने मनुष्यको अक्षय प्रतिभालाई उपेक्षा गर्नु सामाजिक परिवर्तनको नियमको उपेक्षा गर्नु हो र कोही पनि साँचो कलाकारले यस्तो उपेक्षाको साहस जुटाउन सक्दैन। ''एउटा कलाकारले जैविक प्रयोजन जस्तो उत्पादन गर्न सक्छ'' भन्ने मेक्सिकोका महान कलाकार रिवेरा डियागोको भनाइ थियो, ''जस्तै एउटा वृक्षले फल-फूल पैदा गर्छ र वर्षभरी आफूबाट अलग-भएका पातहरूको निम्ति विलाप गर्दैन किनभने नयाँ मौसममा उसले पुनः फल्नु र फुल्नु पर्छ।'' कलाले सिर्फ के हो सोच्दैन न कि के हुन्छ, न औसत मिलावटी आकांक्षाहरूको न सिर्फ हताश हुन्छ पराजय देखेर, बरु रूपान्तर गर्ने सम्भावनाहरूलाई अभिव्यक्त गर्दछ।

**4.** निम्नलिखित अंग्रेजी गद्यांशलाई नेपालीमा अनुवाद गर्नुहोस् : 20

The world does not need extraordinarily talented people. It does not need highly skilled people either. It has plenty of super-intelligent people. We need ordinary people with extraordinary motivation. M. K. Gandhi was an ordinary man with amazing motivation to establish truth and justice. The Wright brothers were ordinary people with a dream of flying.

You can also achieve exceptional results if you are inspired with a higher ideal. Replacing 'inspiration' with 'information' has led to knowledge being viewed as drudgery rather than as pleasure. Education has degenerated to data being transmitted from teacher to the taught without igniting the minds of the young with a higher purpose.

How many of us wake up inspired, looking forward to a day of service? Who among us finds exhilaration in contributing to society? Life changes magically from boredom to excitement when you are inspired to serve. You redefine norms and achieve the impossible, paving the way to outstanding success. You find happiness at work, not in escaping from it. Most importantly, you evolve spiritually and attain Godhood.

Inspiration gives ordinary people the courage and hope to make life better for themselves and for the posterity. Find inspiration and life will transform into an exciting adventure of self-discovery.

**5.** निम्नलिखित गद्यांशलाई अंग्रेजीमा अनुवाद गर्नुहोस् : 20

आज विज्ञानको सामाजिक दायबद्धताको बारेमा भन्न जाँदा म ती चीजहरूको बारेमा पनि भन्ने छु जुन युवाहरूकालागि अपेक्षाकृत सजिलो पर्ने छ तर बुढ़ा-पाकाहरूलाई भने बुझ्न गाहारो पर्ने छ। त्यो किनभने युवाहरूमा एउटा गुण सम्पन्न हुन्छ जो सामान्य रूपमा केही वर्षदेखि शिथिल हुँदै जान्छ। त्यो कल्पनाशीलताको गुण। कल्पनाशील यस्तो गुण हो जो विज्ञानको अपरिहार्य अङ्ग भएर नैसर्गिक रूपले युवाहरूलाई प्रदत्त छ। दुःखको कुरो के छ भने यो गुण बढ्दो उमेरका साथै सुक्न थाल्दछ। तापनि यस्तो गुण जसको हाम्रो संसारमा अतिनै आवश्यकता छ।

विगत तीन शताब्दीदेखि विज्ञानको खोज र अनुसन्धानले समाजमा निकै प्रभाव पार्न थालेको छ। तर सामान्यरूपमा मानिसहरूले हाम्रो विश्वलाई यसले कसरी प्रभाव पार्‍यो बुझ्न सकेनन् अनि परवाह पनि गरेनन्। न्युटनका पालादेखि भने तकनीक जो विज्ञानको खोजको आधार हो, यस मार्फत प्रचुर मात्रामा आराम र फाइदा लिन सकिने रहेछ भन्ने कुराको ज्ञान पाए। अनि विज्ञानको संसर्गले

बनेको औषधीको सेवनले लामो आयु बाँच्न सकिने रहेछ भनेर विज्ञानको चासो लिन थाले।

लियोनार्दो द विंशीका पालादेखि मानिसले विज्ञानलाई युद्धमा विजय पाउनका लागि भौतिक सहयोगी बन्न सक्ने रहेछ भनेर प्रशंसा पनि गर्न थाले। समयले काँचुली फेर्दैगयो र कालान्तरमा प्रौद्योगिक भौतिकवाद विकसित हुन थाल्यो, नयाँ प्रौद्योगिक ज्ञानको माँग बढ़ेर गयो फलस्वरूप धेरैभन्दा धेरै मानिसहरू वैज्ञानिक र तकनीकी विशेषज्ञ बन्न थाले।

**6.** (क) निम्नलिखित वाग्धाराहरू मध्ये कुनै **पाँचवटा**को अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् : 4×5=20

*(i)* कान ठाड़ो पार्नु

*(ii)* घरजम गर्नु

*(iii)* गोबर गणेश हुनु

*(iv)* टाउकोमा चढ्नु

*(v)* तोरीको फूल देख्नु

*(vi)* धोती न टोपी हुनु

*(vii)* फेला पर्नु

*(viii)* मुख लाग्नु

*(ix)* हात चिलाउनु

(ख) निम्नलिखित कुनै **पाँचवटा** श्रुतिसम शब्दका भिन्नार्थ स्पष्ट गरी लेख्नुहोस् : 2×5=10

*(i)* अविराम / अभिराम

*(ii)* आहुति / आहूति

*(iii)* बाजी / बाजि

*(iv)* नाड़ी / नारी

(v) बाग / बाघ

(vi) खाली / खालि

(vii) बली / बलि

(viii) बीस / विष

(ग) तलका कुनै **पाँचवटा** उखानलाई पूरा गरी लेख्नुहोस् :

2×5=10

(i) —— दैवले पुर्‌याउँछ।

(ii) —— आमाको काख।

(iii) —— शाखा पिराउने।

(iv) —— जोगी हुँदैन।

(v) —— लबर लबर ओठ।

(vi) कालो अक्षर ——।

(vii) म ताक्छु मुढो ——।

(viii) नदेखेको चोर ——।

(ix) जति मान्छे ——।

(x) चितुवा कराउनु ——।

★ ★ ★